(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्डः-४ सङ्ख्याः-८ मितिः-२०७७/०९/२९

भाग-२

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे ,भोजपुर

**प्रस्तावनाः**

पौवादुङमा गा.पा. वडा नं. २ खेसाङका साविक तिवारीभञ्ज्याङ गा.बि.स. वडा नं. ९ का विवाहित महिलाहरूको सामाजिक आर्थिक उत्थान गर्ने, सामजिक विकृति विसंगति विरुद्द एकबद्द भई स्थानिय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरण र समतामूलक समाज निर्माणका लागि यो लगनशील महिला समूह गठन गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो विधान लगनशिल महिला समुहको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम लगनशिल महिला समुह, पौवादुङमा २ खेसाङ सुनेछ ।

(ग) यो विधान पौवादुङमा गा.पा.बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय पौवादुङमा गा.पा. वडा नं. २ खेसाङमा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्वमा याकु पश्चिममा तिवारीभञ्ज्याङ उत्तरमा सावुङ र दक्षिणमा प्याक्ला

## परिच्छेद-२
## परिभाषा

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्के अर्थ नलागेमा यस विधानमाः

१. **'समूह/समिति'** भन्नाले लगनशील महिला समूहलाई सम्झनु पर्दछ ।

२. **'विधान '** भन्नाले यस महिला समूहको विधानलाई सम्झनु पर्दछ ।

३. **'साधरणसभा'** भन्नाले समूहको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. **'समिति'** भन्नाले महिला समितिको कार्य समिति सम्झनु पर्दछ ।

५. **'बैठक'** भन्नाले महिला समूहको कार्यसमिति सम्झनुपर्छ ।

६. **'पदाधिकारी'** भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, काषाध्यक्ष, र सदस्यहरु समेतलाई जनाउँछ ।

## परिच्छेद-३
## समूह गठन विधि, उद्देश्य, तथा कार्य विभाजन

**३.संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पित्ति बिक्री गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति स्वतः पौवादुङमा गाउँपालिकाको हुनेछ ।

**४.संस्थाका उद्देश्यहरु : संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :**

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने

(ख) महिला समूहका ब्याक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) लैङ्गिक हिंसा, सामाजिक तथा साँस्कृतिक विकृति विसंगतीको उरुद्दमा विभिन्न कार्य गर्ने ।

(ङ) महिला सचेता, टोल घरपरिवार सरसफाई, सानातिना आयोजना सञ्चालन सामुहिक कृषि तथा पशुपालन कार्य गर्ने ।

५.**महिला समूहको कार्य समितिको गठनः** टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ

(क) पौवादुङमा गा.पा. वडा नं. २ खेसाङका जागरुक २६ घरपरिवारका २६ विवाहित महिलाहरूद्वारा यो महिला समूह गठन गरिनेछ । जसमा एक घर एक सदस्यको अवधारणा अनुसार सदस्यता दिईनेछ । उक्त समूहमा सदस्यहरू नियमानुसार थपघट हुन सक्नेछन् ।

(ख)पहिलो पटकका लागि समूहको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र आवश्यकता अनुसारका सदस्यहरु रहेका एक विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । महिला समूहको अवधि अवधि २ वर्षको हुनेछ । कार्य समिति समावेशीकरणको सिद्दान्त अनुसार गठन गर्नु पर्नेछ ।

(ग) महिला समूह गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेटीने छ ।

६.**समूहका कार्यहरूः** महिला समूहका कार्यहरू देहाय बमोजिम हुनेछः

१. टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको महिला समूह गठन गर्ने ।

२. संस्थाका सदस्यहरुलाई उद्यमशीलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. लैङ्गिक हिंसा, एच.आइ.भी. /एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याको बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने

६. आफ्नो टोल तथा सार्वजर्निक स्थलमा बृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. टोलमा बसोबास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतकका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कायक्रम सञ्चालन गर्ने ।

९. वातावरणमैत्री स्थानीय सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

१०. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

११. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१२. टोलमा रहेका सार्वजर्निक, पर्ति, एलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१३. संस्थाको अध्यक्ष, कोषध्यक्ष तथा सचिवको चलन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१४. गाउँपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१५. गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**७. सदस्यता** : संस्थामा सदस्यता देहाय बमोजम हुनेछ :

**(क)** यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी महिला यस संस्थाको सदस्य हुनेछ ।

**(ख)** सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने :** देहायको अवस्थामा सदस्य रहने छैन :

**(क)** सदस्यको मृत्यु भएमा ।

**(ख)** सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

**(ग)** सदस्यलाई शुल्क नतिरेका वा संस्थाको निर्णय पालना नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

**(घ)** संस्थालाई हानि -नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहरुलाई सफाइ दिने अवसरबाट वञ्चित गरिनेछैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

**(ङ)** नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**(च)** कुनै सदस्यता सार्न वा हस्तान्तरण गर्न सकिनेछ ।

**९. संस्था गठन एवं कार्य संचालन विधि** : समूहको गठन एवं कार्यसञ्चालन विधि देहाय बमोजिम हुनेछ ।

**(क)** निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौल गरेपछि त्यस टोलभित्र वसोवास गर्ने अधिकांश घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

**(ख)** महिला समूह गठन गर्न उपस्थित भएका ब्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषध्यक्ष र सचिव र ईच्छुक महिला सदस्य हुनेछन् ।

**१०.संस्थाका पदाधिकारीहरुको काम, कतर्व्य र अधिकार** : संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको नियमित बैठक बोलाउने ।
२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने
४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६) सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुर्‍याउने ।
७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरु गर्ने वा गराउने ।

९) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने
३) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
४) बैठक पुस्तिकामा उपस्थित गराउने ।
५) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।
६) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।
७) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) बैंकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।
२) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।
३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१) संस्थाको हिसाबकिताब चेक गर्ने ।
२) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
३) संस्था संचालनका लागि आवश्यकताअनुसार मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११.साधरण सभाको गठन र कार्य प्रणालीः साधरण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :**

**१)** संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।
**२)** साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ट सदस्यले गर्नेछ ।
**३)** साधारण-सभा संस्थाको सर्वेच्च निकाय हुनेछ ।

**१२. साधरण सभाको काम, कर्तव्य र अधिकार : साधरण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) संस्थाको साधरण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।
(ख) लेखापरीक्षक नियुक्ति गर्ने ।
(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।
(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।
(ङ) कार्य समिति सम्बन्धमा भएमा उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
(च) संस्थाको विधान संशोधन गर्ने ।
(छ) आवश्यकताअनुसार सल्लाहको मनोनयन गर्ने ।
(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

परिच्छेद-४

<u>विविध</u>

**१३. आर्थिक व्यवस्था**

**(क) संस्थाको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ :**

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार
- अन्य आम्दानी ।

**(ख)** प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

**(ग)** संस्थाको नाममा प्राप्त वा खरिद चल -अचल सम्पत्तिको परिचालन र प्रयोग गाउँपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**(घ)** संस्थाको नाममा गाउँपालिकाबाट सहमति लिइ अध्यक्ष, सचिव वा कोषध्यक्ष मध्ये दुईजनाको हस्ताक्षरबाट सञ्चालन हुनेगरी बैंक खाता सञ्चालन गरीनेछ ।

**१४. कार्य समिति तथा पदाधिकारीको राजीनामा**

**(क)** समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिा चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

**(ख)** अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५.कार्य समितिलाई आविश्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकरीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विविध**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधरण सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझएका बुँदाहरु बाझिएका हदसम्म स्वत : खारेज हुनेछ ।

**अनुसूची-१**

**समूहको छापको ढाँचा**

| |
|---|
| छाप |

## समूहको लेटर प्याडको ढाँचा

लेटरप्याड

## अनुसूची-२
## महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदन

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे भोजपुर।

**विषय : महिला समुह/संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिका वडा नं .........को ..............टोलमा गठन गरिएको .................... महिला समूह\संस्थालाई पौवादुङमा गाउँपालिका कार्यालयमा दर्ता सूचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस .............महिला समूह/संस्थाकौ क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ।

पूर्व सिमानाः........................
पश्चिम सिमानाः ........................
उत्तर सिमानाः .............................
दक्षिण सिमानाः ..........................

निवेदक
................................
अध्यक्षको नाम :
महिला समूह\संस्थाको नामः
ठेगाना :

अनुसूची -३

## प्रमाण-पत्रको ढाँचा

दर्ता नं.

**पौवादुङमा गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**च्याङ्ग्रे, भोजपुर**

## प्रमाण-पत्र

पौवादुङमा गाउँपालिका वडा नं......... स्थित ...........................................टोलमा गठन भएको ...........................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति मा दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

.............................

प्रमुख प्रशासकीय अधिकृत

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०७७ साल पौष २९ रोज ४**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत